नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

# प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलज्यूको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा आज मिति २०७८ साउन २४ गते रक्षा मन्त्रालय र अन्तर्गतको आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको तेस्रो चौमासिक एवं वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक बस्यो ।

उक्त बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति लगायतका निकायहरूबाट आ.व. २०७७/७८ को तेस्रो चौमासिक एवं वार्षिक रूपमा हासिल भएका प्रगतिहरूको समीक्षा हुनुका साथै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र चुनौती तथा समाधानका सम्भावित उपायहरू बारेमा समेत विस्तृत छलफल भएको थियो । बैठकमा राष्ट्रिय विकास समस्या समाधान समितिको पछिल्ला बैठकहरूबाट भएका निर्णयहरूमध्ये रक्षा मन्त्रालयसम्बद्ध निर्णयहरूको कार्यान्वयन स्थितिबारेमा समेत छलफल भएको थियो ।

समीक्षामा गत आ.व.मा रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट चालु खर्चतर्फ वित्तीय प्रगति ९८.१७%, पुँजीगत खर्चतर्फ वित्तीय प्रगति ८६.०८% तथा भौतिक प्रगति ८९.२५% रहेको र बेरुजु फर्छ्यौट ७२.७२% प्रगति हासिल भएको तथ्य प्रस्तुत भएको थियो ।

समीक्षा बैठकमा माननीय उपाध्यक्षज्यूले रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको वित्तीय र भौतिक प्रगति उत्साहजनक रहेको कुरा व्यक्त गर्नुभयो । विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्दा अन्तर-मन्त्रालय र अन्तर-निकायबीचको समन्वयले ठूलो भूमिका खेल्ने हुँदा आगामी दिनमा सम्बन्धित निकायहरूबीच समन्वयलाई थप सुदृढ तुल्याउँदै निर्धारित लागत र समयमै कार्यक्रम सम्पन्न गरी मुलुकलाई आर्थिक समृद्धिको बाटोमा अघि बढाउन सम्बन्धित सबैलाई निर्देशन दिनुभयो । उहाँले नेपाली सेनाले मुलुकमा कोभिड-१९ संक्रमणको नियन्त्रण र रोकथाममा महत्त्वपूर्ण कार्य गरिरहेको भन्दै होल्डिङ्ग सेन्टर बनाउने कार्यलाई प्रभावकारी गराउनुपर्ने धारणा राख्नु भयो ।

कार्यक्रममा नेपाली सेनाका प्रधानसेनापति श्री पूर्णचन्द्र थापाले नेपाली सेनाबाट सञ्चालित अधिकांश कार्यक्रमको प्रगति उत्साहजनक रहेको कुरा व्यक्त गर्नुभयो । उहाँले नेपाली सेनाको दीर्घकालीन सोच-२०८७ (Nepali Army Vision-2030) र नेपाली सेनाको ३+१ कमाण्डको अवधारणा अनुसारको संगठन संरचना स्वीकृत भई कार्यान्वयनमा आएको सन्दर्भमा नेपाली सेना आधुनिक, सबल र सक्षम हुने कुरा व्यक्त गर्नुभयो । राष्ट्रिय सुरक्षा सम्बन्धी चुनौती र सामरिक महत्त्वका विषयहरू नेपाल सरकारको प्राथमिकतामा रहनु पर्ने उल्लेख गर्दै कोभिड-१९ व्यवस्थापनका लागि आवश्यक पर्ने होल्डिङ्ग सेन्टर बनाउन आवश्यक जग्गा प्राप्ति र रूख कटानका विषय चुनौतीपूर्ण रहेको कुरा व्यक्त गर्दै बंकरदेखि ब्यारेक कार्यक्रम लगायतका

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

कार्यक्रमलाई समयमै सम्पन्न गर्न पुँजीगत बजेट कम भएकोले आगामी दिनमा पर्याप्त बजेट व्यवस्था हुने आशा व्यक्त गर्दै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सम्बन्धित सबै मन्त्रालय/निकायहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद व्यक्त गर्नुभयो ।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व.२०७७/७८ मा सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेको कुरा व्यक्त गर्नुभयो । बेरूजु फर्छ्यौटको कार्यलाई अझ प्रभावकारी गराउनुपर्ने र पुराना बेरूजु फर्छ्यौटको लागि आवश्यक कागजात तयार गरी आवश्यक पहल गर्नु पर्ने सुझाव दिनुभयो । नेपाली सेना-नागरिक सम्बन्ध बढाउनु पर्ने, बंकरदेखि ब्यारेक कार्यक्रम लगायत नेपाली सेनालाई आवश्यक स्रोतसाधनको व्यवस्था गर्न आवश्यक रहेको कुरा उल्लेख गर्नु भयो । कोभिड-१९ को व्यवस्थापन सम्बन्धी कामको प्रशंसा गर्दै मन्त्रालयको माइलस्टोनको प्रगति राम्रो रहेकोमा खुसी प्रकट गर्नुभयो ।

रक्षा मन्त्रालयका निमित्त सचिव श्री आलोकचन्द्र श्रेष्ठले कोभिड १९ को जटील परिस्थितिमा समेत रक्षा मन्त्रालयको पुँजीगत तर्फ वित्तीय प्रगति ८६.०८% र भौतिक प्रगति करिब ८९.२५% हासिल हुनु मन्त्रालयको लागि गौरवको विषय भएको तथा नेपाली सेनालाई समयानुकूल पर्याप्त र अत्याधुनिक साधनस्रोत उपलब्ध गराई थप दक्ष र व्यावसायिक बनाउँदै लैजानु पर्ने विषय उल्लेख गर्नु भयो । नेपाली सेना अन्तर्गत सञ्चालित "बंकरदेखि ब्यारेक" कार्यक्रम अन्तर्गत निर्माण गर्न बाँकी तथा भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको निर्माण कार्यलाई छिटो सम्पन्न गरी नेपाली सेनाका सकल दर्जाका लागि उचित आवासको व्यवस्था मिलाउनु पर्ने कुरा व्यक्त गर्नु भयो ।

बैठकमा अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्षले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । समीक्षा बैठकमा रक्षा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री शिवराम न्यौपानेले मन्त्रालय र अन्तर्गतको वार्षिक प्रगति अवस्थाको समग्र प्रस्तुतीकरण गर्नु भएको थियो । योजना तथा सैनिक कल्याण शाखा प्रमुख उपसचिव श्री कविता निरौला ढुङ्गेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

(कृष्ण प्रसाद ज्ञवाली)
सहसचिव एवं प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं
२४ श्रावण २०७८